# कच्चा इन्धनको मूल्य हालसम्मकै उच्च

## इन्धन किन्न निगमले चार अर्ब २५ करोड पाउने

**हिमालय टाइम्स**

**काठमाडौं, २४ फागुन**

सरकारले सञ्चित बचत शून्यमा झरेपछि निगमलाई पेट्रोलियम खरिदका लागि रकम उपलब्ध गराउने भएको छ। मूल्य स्थिरीकरण कोषको सोमबार बसेको बैठकले निगमले इन्डियन आयल कर्पोरेसनलाई भुक्तानी गर्नुपर्ने पहिलो किस्ताबापतको नपुग चार अर्ब २५ करोड उपलब्ध गराउने निर्णय गरेको निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताउनुभएको छ। सरकारको उक्त निर्णयबाट पेट्रोलियम पदार्थको सहज आपूर्ति बनाइराख्न निगमलाई सहयोग पुग्ने उहाँले बताउनुभयो। गत बिहीबार मूल्य समायोजनपछि पनि १५ दिनमा करिब दुई अर्ब ५० करोड घाटा रहेको निगमको दाबी छ।




पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य आकाशिएपछि निगमको खरिद मूल्य बढेर घाटा बढ्दै गएको छ। निगमले आइओसीलाई मार्च महिनामा बुझाउनुपर्ने पहिलो किस्ताबापतको रकम अपुग भएपछि मूल्य स्थिरीकरण कोषबाट नपुग रकम उपलब्ध गराउन माग गरेको थियो। निगमले प्रत्येक महिनाको आठ र २३ तारिखमा आइओसीलाई किस्ता बुझाउँदै आएको छ। सरकारले स्थिरीकरण कोषबाट गत जनवरीमा पनि निगमलाई एक अर्ब ८० करोड रुपैयाँ उपलब्ध गराएको थियो।

विश्व बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल एक सय २० डलर नाघेको छ। अझै बढेर दुई सय डलरसम्म पुग्न सक्ने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। अमेरिका र युरोपेली मुलुकले रुसबाट गरिने तेल आयातमा प्रतिबन्ध लगाउने जनाएसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य १४ वर्षयताकै उच्च बिन्दुमा पुगेको नेपाल आयल निगमले समेत उल्लेख गरेको छ। मंगलबार ब्रेन्ट क्रुडले एक सय २५ अमेरिकी डलर प्रतिब्यारेलमा कारोबार गरेको छ भने वेस्ट टेक्सास इन्टरमिडियट (डब्लुटिआई) ले एक सय २० रुपैयाँ प्रतिब्यारेलमा कारोबार गरेको छ। रुसले युक्रेनविरुद्ध विशेष सैनिक अपरेसन सञ्चालन गरेसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा वृद्धि भएको थियो। रुस कच्चा तेल उत्पादनमा विश्वकै तेस्रो ठूलो राष्ट्र रहेको छ। रुसले युद्ध कायमै रहँदा पनि प्रतिदिन ७० लाख ब्यारेल तेल अन्तर्राष्ट्रिय बजारमा पठाउने गरेको छ। केडिया कमोडिटिजका निर्देशक अजय केडियाले युद्ध नरोकिएसम्म कच्चा तेलको मूल्य एक सय ५६ डलर प्रतिब्यारेलदेखि एक सय ८५ डलर प्रतिब्यारेल हुन सक्ने बताउनुभएको छ। रुसका उपप्रधानमन्त्रीले कच्चा तेलको मूल्य तीन सय डलर प्रतिब्यारेल पुग्न सक्ने चेतावनी दिनुभएको छ।

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले पनि पेट्रोलियम र खाने तेलको मूल्य अझै बढ्ने बताउनुभएको छ। पूर्वगभर्नर नेपालले रुस र युक्रेनबीचको तनावले नेपालमा पेट्रोलियम तथा खाने तेलको मूल्य अझै बढ्न सक्ने बताउनुभएको हो। उहाँले पेट्रोलियम तथा खाने तेलको सहज आपूर्तिका लागि समयमा नै आपूर्ति गरेर भण्डारण गर्न सरकारलाई सुझावसमेत दिनुभएको छ। रुस र युक्रेनबीचको तनावले पेट्रोलियम तथा खाने तेललगायत खाद्यान्नको समेत मूल्य वृद्धि हुने भन्दै सरकारले पेट्रोलियम पदार्थमा लगाउँदै आएको कर घटाउनुपर्ने नेपालले बताउनुभएको छ। सरकारले पेट्रोलियमको खपत घटाएर विद्युतीय खपतमा जोड दिनुपर्ने उहाँको भनाइ छ।

थप दुई स्थानमा पाइपलाइन विस्तारबारे छलफल

अमलेखगञ्ज-चितवन र सिलिगुडी-झापा पेट्रोलियम पाइपलाइन विस्तारका लागि छलफल सुरु भएको छ। पेट्रोलियम पदार्थ र ग्याँसको आपूर्ति सहजीकरण सम्बन्धमा नेपाल-भारतबीचको सहसचिवस्तरीय संयुक्त कार्यदलको सम्पन्न बैठकमा उक्त विषयमा छलफल भएको हो। सन् २०१७ मार्चमा नेपाल र भारतबीच पेट्रोलियम आपूर्ति सम्झौताका क्रममा गठित संयुक्त कार्यदलको तेस्रो भर्चुअल बैठकमा नयाँ स्थानमा पेट्रोलियम पाइपलाइन विस्तारका सम्बन्धमा छलफल गरेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। बैठकमा पेट्रोलियमको सहज आपूर्ति, अमलेखगञ्च-चितवन र सिलिगुडी-झापा पेट्रोलियम पाइपलाइन विस्तार, मोतिहारी-अमलेखगञ्ज पाइपलाइनको सुरक्षा व्यवस्थालगायत नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच पेट्रोलियम पदार्थ आपूर्तिसम्बन्धी सम्झौताको नवीकरणका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

बैठकमा नेपालतर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव राधिका अर्याल र भारततर्फबाट पेट्रोलियम तथा नेचुरल ग्याँस मन्त्रालयका सहसचिव इशा श्रीवास्तवले वार्ताटोलीको नेतृत्व गर्नुभएको थियो।

# भारतसँग प्रतिस्पर्धा गर्न नसक्दा खाद्य उद्योग संकटमा




**चन्द्रकान्त खनाल**

**रूपन्देही, २४ फागुन**

खुला सीमाका कारण खाद्यान्नमा भारतीय व्यापारीसँग प्रतिस्पर्धा गर्न नसक्दा नेपालका खाद्य उद्योग संकटपूर्ण अवस्थामा पुगेको रूपन्देहीका उद्योगीले गुनासो गरेका छन्। रूपन्देही उद्योग संघले खाद्य उद्योगमा देखिएका समस्याबारेमा उद्योगीहरूसँग छलफल गरेको छ। सो अवसरमा उद्योगीहरूले चामल, तेल, दाललगायतका खाद्य उद्योगमा देखिएको बजार समस्या, कच्चा पदार्थको चर्को मूल्यवृद्धि तथा विभिन्न भन्सार तथा करमा रहेका उद्योगविरोधी प्रावधान समाधानका लागि पहल गर्न आग्रह गरे।

रूपन्देही उद्योग संघका अध्यक्ष माधवप्रसाद पौडेलले नेपालमा उद्योग सञ्चालन निकै कठिन भएको भन्दै खुला सीमाका कारण खाद्यान्नमा भारतीय व्यापारीसँग प्रतिस्पर्धा गर्न नसक्दा नेपालका खाद्य उद्योग संकटमा पर्दै गएको बताउनुभयो। उहाँले भारतीय बजारमा पाइने सस्तो खाद्यवस्तु सहजरूपमा नेपाल भित्रिँदा स्वदेशी खाद्यवस्तुले भारतीय खाद्यवस्तुसँग प्रतिस्पर्धा गर्न नसकेको अवस्थाप्रति राज्यको ध्यान जानुपर्ने बताउनुभयो।

अध्यक्ष पौडेलले उत्पादनमूलक उद्योगले प्रोत्साहन नपाउने अवस्था रहँदासम्म उद्योग विस्थापित हुने र आयातमुखी व्यापार बढ्दै जाने बताउनुभयो। संघका पूर्वअध्यक्ष तेजकुमार पाठकले कच्चा पदार्थ तथा कृषि उत्पादनमा भएको मूल्यवृद्धि र नीतिका कारण नेपालका खाद्य उद्योग मारमा परेको र त्यसको प्रत्यक्ष असर उपभोक्तामा पर्न गएको बताउनुभयो। निवर्तमान अध्यक्ष बाबुराम बोहोराले खाद्य उद्योग क्षेत्रमा विद्यमान नीतिगत समस्या सुधार गर्न माग गर्दै दैनिक जीवनको अति आवश्यक उपभोग्य वस्तुको परनिर्भरताको जोखिम कम गर्न आग्रह गर्नुभयो।

संघका सल्लाहकार भुपालकुमार श्रेष्ठले इमान्दार भएर उद्योग सञ्चालन गर्दा पनि विभिन्न कोणबाट समस्या झेल्नुपरेको भन्दै समस्या समाधानका लागि उद्योगीको संगठनलाई बलियो बनाएर आवाज उठाउनुपर्ने बताउनुभयो। उद्योगी देवानन्द पाण्डेले हालको विषम परिस्थितिबाट खाद्य उद्योगी निकै नै प्रताडित हुनुपरेको गुनासो गर्दै कच्चा पदार्थको अत्यधिक महँगीले बजार अस्तव्यस्त बनेको बताउनुभयो। खाद्यान्न वस्तुगत समितिका संयोजक रमेश आचार्यले बढ्दो मूल्यवृद्धिले उद्योग बन्द गर्नुपर्ने अवस्थाका साथै बजारमा कालोबजारी, बिचौलियाका कारण उत्पादन लागत बढेको बताउनुभयो। उद्योगी कन्हैयालाल कसौधनले बजारको मूल्यवृद्धि र उद्योगका समस्याबारे राज्य चनाखो हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा संघका महासचिव हरिबहादुर खत्री, वरिष्ठ उपाध्यक्ष दिलिप सापकोटा, प्रथम उपाध्यक्ष कृष्णप्रसाद पराजुली, कोषाध्यक्ष हिरामणि भट्टराई, सदस्य लालबहादुर थापालगायतले बजारमा देखापरेको अस्वाभाविक गतिविधि, मूल्यवृद्धि नियन्त्रणका लागि अनुगमनमा जोड दिनुभएको थियो।

## छाया सेन्टरमा सेल्फी प्वाइन्ट

**हिमालय टाइम्स**

**काठमाडौं, २४ फागुन**

काठमाडौंको ठमेलस्थित छाया सेन्टरमा मेरो स्कुलको 'सेल्फी प्वाइन्ट' स्थापना भएको छ। अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा एक कार्यक्रमबीच सेल्फी प्वाइन्ट स्थापना गरिएको हो। ग्रामीण क्षेत्रमा पनि इन्टरनेटको पहुँच भएकाले मेरो स्कुल एप विद्यार्थीका लागि निकै लाभदायी हुने बताइएको छ। मेरो स्कुल एक डिजिटल इ-लर्निङ प्लेटफर्म हो, जहाँ प्रयोगकर्ताले सरकारको पाठ्यक्रममा आधारित २० हजारभन्दा धेरै भिडियो प्राप्त गर्न सक्नुका साथै पुराना प्रश्नपत्र हल गरिएका भिडियो पनि हेर्न सक्ने मेरो स्कुलले जनाएको छ। जसका लागि भिडियो सबै एनिमिटेड र पिक्टोरियल फिचरद्वारा तयार पारिएको बताइएको छ। शैक्षिक पाठ्यक्रमका अतिरिक्त डिजाइनिङ कोर्स, ल्याङ्वेज कोर्स, सेयर तालिमलगायतका कोर्स पनि हेर्न सकिनेछ। एपमा प्रयोगकर्ताले एक महिनाका लागि केवल २२ रुपैयाँमा कक्षा एकदेखि १२ सम्मका भिडियो हेर्न सकिने बताइएको छ।

## इसेवामार्फत् निःशुल्क रेमिट्यान्स पठाउन सकिने




**काठमाडौं/हिटा।** आन्तरिक रेमिट्यान्स सेवासमेत प्रदान गर्दै आएको रेमिट कम्पनी इसेवा मनी ट्रान्सफरको रेमिट्यान्स सेवामार्फत् नेपालभरि निःशुल्क आन्तरिक रेमिट्यान्स पठाउन सकिने भएको छ। इसेवा वालेटका प्राकृतिक प्रयोगकर्ताले इसेवा मनी ट्रान्सफरमार्फत् आफन्त तथा इष्टमित्रलाई पठाएको आन्तरिक रेमिट्यान्स नेपालभरि रहेका १० हजारभन्दा बढी भुक्तानी केन्द्र तथा पाँच हजारभन्दा बढी इसेवाका एजेन्टमार्फत् तुरुन्तै पाउनुहुने व्यक्तिको हातसम्म पुग्नेछ।

हालै नपाल राष्ट्र बैंकले आन्तरिक रेमिट्यान्स कारोबारमा प्रतिव्यक्ति प्रतिकारोबार प्रतिदिन २५ हजार रुपैयाँसम्मको मात्र कारोबार गर्न मिल्ने व्यवस्था गरेसँगै आन्तरिक डिजिटल रेमिट्यान्स कारोबारलाई प्रोत्साहन गर्न यस 'शून्य शुल्कमा रेमिट्यान्स' सेवाले निकै ठूलो टेवा पुऱ्याउने अपेक्षा गरिएको छ। त्यस्तै तीनमहिने शून्य शुल्कमा रेमिट्यान्स सेवाका क्रममा इसेवाले तीन महिनासम्म हरेक महिना एकजना विजेतालाई एउटा रेडमी ९ आई स्मार्टफोन दिने योजनासमेत ल्याएको छ। त्यसका लागि इसेवा प्रयोगकर्ताले इसेवा एपको रेमिट्यान्स आइकनमा क्लिक गरी इसेवा मनी ट्रान्सफरमा गई तोकिएको विवरण पूरा गरी रेमिट्यान्स पठाउनुपर्नेछ।

## स्कोडाको शोरुम पोखरामा पनि

**हिमालय टाइम्स**

**काठमाडौं, २४ फागुन**

स्कोडा नेपालले पोखराको नयाँ बजारमा सुविधासम्पन्न शोरुम सञ्चालनमा ल्याएको छ। एमएडब्लु इन्टरप्राइजेजले पोखरामा स्कोडा कार र एसयुभीको बिक्रीका लागि एसएसएल मोटर्सलाई डिलर नियुक्त गरेको छ। सोमबार एक कार्यक्रमबीच नाडा अटोमोबाइल एसोसिएसनका अध्यक्ष ध्रुव थापा र स्कोडा नेपालका कार्यकारी निर्देशक रौनक अग्रवालले शोरुम र वर्कसपको संयुक्तरूपमा उद्घाटन गर्नुभएको थियो।

कार्यकारी निर्देशक अग्रवालले देशभर डिलर विस्तार गर्नेक्रममा पोखरामा पनि सुविधासम्पन्न शोरुम र वर्कसप स्थापना भएको बताउनुभयो। नेपालमा स्कोडा गाडीप्रति ग्राहकको आकर्षण बढेको बताउँदै अग्रवालले आगामी दिनमा लोकप्रियता अझै बढ्ने बताउनुभयो। एमएडब्लु इन्टरप्राइजेज युरोपियन लिडिङ ब्रान्ड स्कोडाको नेपालका लागि एकमात्र आधिकारिक बिक्रेता हो। एमएडब्लुले सन् २००८ देखि स्कोडा कारलाई नेपाली बजारमा उपलब्ध गराउँदै आएको छ। कम्पनीले पोखरामा स्कोडा कार र एसयुभीको बिक्रीका लागि एसएसएल मोटर्सलाई डिलर नियुक्त गरेको छ।

## स्मार्ट डोकोको अफर




**हिमालय टाइम्स**

**काठमाडौं, २४ फागुन**

स्मार्ट डोकोले नारी दिवसका अवसरमा 'वुमन्स डे अफर' ल्याएको छ। अफरअन्तर्गत स्मार्ट डोकोले नारी केन्द्रित सामानमा ४० प्रतिशतसम्म छुट प्रदान गर्ने भएको छ। साथै महिलाहरूले न्यूनतम दुई हजारको किनमेल गर्दा दुई सय रुपैयाँको गिफ्ट कार्ड पाउने कम्पनीले जनाएको छ। साथै कम्पनीले 'ट्याग एन्ड वीन' प्रतियोगिता ल्याएको छ, जहाँ दुई भाग्यशालीले स्मार्ट डोकोको इन्स्टाग्राममा कमेन्ट गरी आकर्षक उपहार जित्ने मौका पाउनेछन्।

स्मार्ट डोकोले अर्थ रिदम, मामाअर्थ, ट्रेसमी, भिक्टोरिया सिक्रेट, डट एन्ड कि र अन्य धेरै ब्रान्डमा ४० प्रतिशतसम्म छुटसहित महिला केन्द्रित सामानमा उत्कृष्ट डिल र छुट प्रदान गर्ने कम्पनीले जनाएको छ। स्मार्ट डोकोसँग हाल १० हजारभन्दा बढी प्रोडक्ट विभिन्न क्याटेगोरीमा उपलब्ध रहेका छन्, जसमा ग्राहकले सजिलैसँग बेबी केयर, इलेक्ट्रोनिक्स, फुड एन्ड ग्रोसरिज तथा विभिन्न प्रकारका सामान खरिद गर्न सक्नेछन्।

## जानकी र एक एक पाइलाबीच सहकार्य

**हिमालय टाइम्स**

**काठमाडौं, २४ फागुन**

जानकी टेक्नोलोजी (स्प्यारो एसएमएस) ले एसएमएस सेवामार्फत् नेपालमा स्वास्थ्य सेवा सक्षम बनाउन एक एक पाइला फाउन्डेसनसँग सहकार्य गरेको छ। अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा जानकी टेक्नोलोजी स्प्यारोले गतिविधिका लागि एक एक पाइला फाउन्डेसनसँग सहकार्य गरेको हो।

एक एक पाइला नेपाल स्वास्थ्य अवस्था सुधार गर्न काम गर्ने समान विचारधारा भएका व्यक्तिहरूको समूह हो। एक एक पाइलाले विशेषतः नेपालका दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। एक एक पाइला फाउन्डेसनका संस्थापक डा. सुमन शमशेर थापा र



जानकी टेक्नोलोजीका प्रमुख कार्यकारी अधिकृत मनोज थापाले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ।

कोरोनाबाट बचौं र बचाऔं
पारिवारिक भेटघाट र सामाजिक जमघटमा जानुअघि एकपटक ख्याल गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

**INVITATION FOR BIDS**

**Molung Rural Municipality**

**Office of the Municipal Executive**

Prapcha, Okhaldhunga

**Invitation for Bids for the Construction of industrial village**

**First Date of Publication: 09-03-2022**

1. The **Molung Rural Municipality** has allocated funds to for **Construction of industrial village** under National Competitive Bidding-electronic bids single-stage: One-Envelope Bidding procedures.
2. Bidding documents is available on **www.bolpatra.gov.np** for eligible Bidders and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the last date of purchase of bidding document 08-04-2022.
3. Bids must be submitted through www.bolpatra.gov.np, before **12:00 noon on 08-04-2022.** Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Molung Rural Municipality on on 08-04-2022. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, which shall be **valid for 30 days** beyond the bid validity period.
5. Bidder has to deposit Bid document fee in Deposit **Account No. 0880515147703008, Molung GAU KAARYAPAALIKA GA-1.1, ANTARIK RAJASHWO KHATA, SUNRISE BANK LIMITED, MOLUNG BRANCH, PRAPCHA, OKHALDHUNGA)** and submit/upload bank deposit voucher along with the bid. If bidder wishes to submit the Bid Security Amount in the form of cash, bidder has to deposit cash in **Deposit Account No. 0880515147703002, MOLUNG GAU KARYAPALIKA GA 3 DHARAUTI KHATA** and submit bank deposit voucher along with the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Work name,Contract No. and identification of the contract are as follows:-

| Name of Construction work | IFB/Contract No. | Estimated Amount (including VAT) NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs. | Last date& time for bid purchase & Submission | Last date & time for bid Opening |
|---|---|---|---|---|---|---|
| Construction of industrial village | MOLUNG.RM.NCB. IV.05/078/079 | 9,200,000.00 | 230,000.00 | 3,000.00 | 08-04-2022 (12:00 noon) | 08-04-2022 (2:00 pm) |

**A. Chief Administrative Officer**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : आशुतोष प्रिन्टर्स, बालकुमारी, ललितपुर, **कार्यालय** : मध्यबानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल

CMYK